# NIFRA सँग AML/CFT सम्बन्धी Virtual अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) ले मिति २०७८ माघ २५ गते नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि. (NIFRA) का पदाधिकारीहरु सँग सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) तथा goAML रिपोर्टिङ सम्बन्धी Virtual माध्यमबाट अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो । उक्त कार्यक्रममा बैंक सुपरिवेक्षण विभाग अन्तर्गतको 'Money Laundering Monitoring and Special Inspection Unit' का प्रतिनिधिहरुको समेत सहभागीता रहेको थियो ।




इकाई प्रमुख दीर्घ बहादुर रावलज्यूले सहभागीहरुलाई कार्यक्रममा स्वागत गर्दै नीतिगत तहमा रहेका व्यवस्थाहरुबारे जानकारी प्रदान गर्नुभयो । कार्यक्रममा इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले NIFRA सँग सम्बन्धित रहेर AML/CFT विषयमा तथा ई. विवेश पोखरेलले 'STR/SAR/TTR Reporting in goAML' शीर्षकमा कार्यपत्रहरु प्रस्तुत गर्नु भएको थियो ।

छलफल तथा अन्तरक्रियामा उठेका जिज्ञासाहरुबारे इकाई प्रमूख दीर्घ बहादुर रावल, उप-निर्देशक स्वरुप श्रेष्ठ लगायतले सम्बोधन गर्नुभएको थियो । NIFRA का जोखिम व्यवस्थापन विभागका प्रमुख सुवर्ण कुमार सिंहले कार्यक्रमबाट धेरै कुरामा प्रस्टता हासिल गरेको जानकारी गराउँदै धन्यवाद ज्ञापन गर्नुभएको थियो । सहायक निर्देशक अमिष शर्माले सञ्चालन गर्नुभएको सो कार्यक्रममा ई. दीपक पराजुली तथा सहायक यज्ञ प्रसाद सापकोटाले सहजीकरण गर्नुभएको थियो ।